स्थानीय 'क' वर्गमा वर्गिकृत

www.dhamakadaily.com

दैलेखको पहिलो खबर पत्रिका...

# धमाका राष्ट्रिय दैनिक

DHAMAKA NATIONAL DAILY

वर्ष १७ | अंक २५९ | पृष्ठ ४ | आइतबार, पुस २९, २०८० Sunday, Jan. 14s. 2024 | Email : 2dailydhamaka@gmail.com | मूल्य रु. ४/-

## काठको मुढामा च्याउ उत्पादन गर्दै दुल्लुका किसानहरू

धमाका संवाददाता



**दैलेख :** पछिल्ला दिनहरुमा खानामा पौष्टिकता कम हुने र विषादी धेरै हुने समस्या बढी रहेको छ। बढ्दो चुनौती सँगै उत्पादनका नयाँ नयाँ अभियानहरु पनि सँगसँगै अगाडी बढी रहेका छन्। दैलेखमा काठको मुढामा सिताके च्याऊ उत्पादन गर्ने किसानहरुको आकर्षण बढेको छ । विद्यालयमा समेत विद्यार्थीहरुलाई सिकाई सँगै उत्पादन अभियान थालिएको छ ।

जङ्गलमा पनि फाइबर खाना उत्पादन गर्न सकिन्छ भन्ने उदाहरण दिएका दैलेखको दुल्लु नगरपालिकाका किसानहरु अहिले सिताके च्याउ उत्पादनमा लागेका छन् ।

जंगलमा पाईने काठमा च्याउको बीउ राखेर उत्पादन सकिने सिताके च्याउमा विभिन्न औषधिय गुणहरू सँगै ९ प्रकार का खाद्यान्न पाइने र उत्पादनबाट र ाम्रो आम्दानी लिन सकिने भएपछि च्याऊ उत्पादनमा लागेको किसान नगेन्द्र खड्काले बताएका छन् ।

"मलाई सिताके च्याउ उत्पादन गर्न कसैले सिकाएको हैन, दुल्लु नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानमणि नेपाल सरकारले च्याउको फाइदाको बारेमा जानकारी दिनुभएको थियो, त्यसपछि एक जना सिकेको व्यक्तिले मुढामा च्याऊको बीउ राखिदिनुभयो अरु सबै काम फोनबाट आफैले सुरू गरेँ, खड्काको भनाई छ। "

एकपटक मुढामा बीउ रोपेपछि ५ वर्ष सम्म उत्पादन लिन सकिने सिताके च्याऊ प्रति केजी ८ सयमा बिक्री भएको र सरकारले लगानी गर्न सकेको खण्डमा जङ्गलभरि च्याऊ उत्पादन गर्न सकिने खड्काको भनाई छ ।

सरकारले लगानीको राम्रो वातावरण तयार गर्न सकेमा जङ्गलमा समेत यो च्याऊ उत्पादन गरेर लाखौँ आम्दानी लिन सकिन्छ ।

कृषि विकास कार्यालयले दैलेखका विभिन्न स्थानहरुमा सिताके च्याऊ उत्पादन अभियानलाई प्रभावकारी बनाउँदै लगेको छ। कार्यालय प्रमुख दशरथ पाण्डेले कतिपय च्याऊ उत्पादन गर्न खोजेका किसानहरुलाई घेर वार, प्राविधिक ज्ञान लगायतको सुविधा प्रदान गरिएको बताएका छन् ।

विगत ३ वर्षदेखि दुल्लु नगरपालिकाको नरेश्वर उद्यमशील विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई समेत सिताके च्याऊ उत्पादन र बिक्रीबाट भएको आम्दानी विद्यार्थीहरुले नै खर्च गर्ने गरी पढ्दै कमाउँदै अभियान समेत सञ्चालन गरिएको दुल्लु नगरपालिका दैलेखका प्रमुख प्रशासकीय अधिकृत ज्ञानमणि नेपालले जानकारी दिएका छन् ।

विगत पाँच वर्षदेखि सिताके च्याऊ सँगै हरेक विद्यालयमा पढ्दै कमाउँदै अभियान सञ्चालन गर्नुपर्ने आवाज उठाउँदै आएका नेपालले नरेश्वर उद्यमशील विद्यालयले केही समयभित्र देशैभर प्रभावकारी सन्देश दिने र सर कारले तोकेको विकास लक्ष्य पुरा गर्ने काम विद्यार्थीबाट सञ्चालन गरेपछि पुरा हुने अभियानलाई आत्मसाथ गर्ने बताए । विद्यार्थीहरुले विद्यालयमा जानकारी पाएको उत्पादनमूलक र रोजगारीमूलक सिप घरमा अभिभावकलाई सिकाउँछन्, विद्यार्थीहरुले विद्यालयमा आम्दानी गर्छन् र घरमा अभिभावकहरुले आम्दानी गर्छन् अनि समाज आर्थिक रुपमा विकसित हुन्छ , नेपालले बताए ।

पछिल्ला दिनहरुमा जङ्गली जनावरले बालीनाली नष्ट गरिरहेका बेलामा जङ्गलमै उत्पादन गरेर उत्पादनले लाखौँ आम्दानी लिन सक्ने बालीनालीको विकास र उत्पादनमा जोड दिन सकेमा आम्दानीसँगै पौष्टिक आहार प्राप्तिमा सहज हुने देखिन्छ ।

तीनै तहका सरकारले गाउँमा खेती किसानी गर्ने र उद्यम गर्ने जाँगर गरेका युवाहरुलाई आर्थिक, प्राविधिक लगायतका सहयोगलाई प्रभावकारी बनाउने हो भने विदेश जाने मनस्थिति बनाएका युवाहरु गाउँमै रोकिने र रोजगारीमा लाग्ने देखिन्छ ।




## नारामै सीमित कर्णाली प्रदेशका आयोजना




धमाका संवाददाता

**सुर्खेत :** कर्णालीमा गठबन्धन सरकारमा रहेका काँग्रेस, माओवादी, एकीकृत समाजवादी लगायत गठबन्धन सरकारले एक वर्ष पुरा गरेको छ । माओवादीबाट मुख्यमन्त्री बनेका माओवादी नेता राजकुमार शर्मा सहितको मन्त्रीमण्डलको कार्यकाल एक वर्ष पुरा हुँदा पनि कर्णालीमा ठुला विकासले गति नलिएको भन्दै सरकार को आलोचना सुरू भएको छ । २७ पुसमा एमालेको समर्थनमा मुख्यमन्त्री बनेका मुख्यमन्त्री शर्माले बिचमा सत्ता गठबन्धनमा आएको फेरबदलका कारण तीन पटक विश्वासको मत लिएका थिए ।

एमालेसँगको सहकार्यका बेला ८ मन्त्रालयलाई घटाएर ७ मा झार्ने सहमति गर्दा सकारात्मक प्रतिक्रिया पाएका उनले प्रशासनिक रुपमा मन्त्रालय गाभिन नपाउँदै केन्द्रीय सत्ता समीकरण फेरिएपछि पुनः ८ मन्त्रालय नै कायम राखेपछि उनको कार्य दक्षतामा चुनौती देखिने विश्लेषण भएको थियो। पदभार ग्रहण गरे लगत्तै मुख्यमन्त्री शर्माले 'हरेक वर्ष १० हजार युवालाई रोजगारी दिने' घोषणा गरेका थिए । उक्त घोषणा कार्यान्वयनका लागि कार्यदल समेत गठन भएको थियो ।

बढ्दो बेरोजगारी र गरिबीले थिचिएका कर्णालीका समुदायहरु, पहाडी भू भागले उब्जनी कम भएका बस्तीहरुमा भारत रोजगारी अनिवार्य जस्तै देखिएको छ। सरकारले एक वर्षमा १० हजारलाई रोजगारी दिन्छ भनेर रोजगारी पाउने आशामा बसेका युवाहरुमा समेत निर ाशा छाएको छ ।

प्रदेशले सञ्चालन गर्ने ठुला आयोजनाहरुको रेखाङ्कन नै हुन सकेको अवस्था छैन, गरिबी निवारणका कामहरु भएका छैनन्, यस अघिको सरकारले निकै तामझाम गरेर ल्याएको अर्गानीक कर्णाली प्रदेशको आयोजना अलपत्र बनेको छ। विकास गर्ने हो भन्दा पनि विकास खाने हो भन्ने भावनाको विकास भएको बेलामा दिगो विकास र पारदर्शी ताको कुनै विषय प्रभावकारी बन्न सकेको छैन। राजनीतिक विश्लेषक अर्जुनबहादुर अयडीले नेतृत्व मात्र नहुने भन्दै परिणाममुखी काम गर्न नेतृत्वसंग काम गर्ने कला, दक्षता, क्षमता र सीप नभएपछि प्रगति हात नपर्ने विश्लेषण गरेका छन्। कर्णाली प्रदेश सरकारका कामहरु अयडीले गरेको विश्लेषण झैँ भएको अवस्था छ ।

कतिपय मन्त्रीहरु भएका जिल्लामा धमाधम बजेट मात्रै थुप्रिएको अवस्था छ, न त्यहाँ अनिवार्य तोकिएका पूर्वाधार हरु बन्ने तयारीमा छन् नत सम्बन्धित पालिकाले नै माग गरेका योजनाहरु छन्। योजनाहरु केवल आफन्त, नातेदार, पार्टी निकट लगायतका क्षणीका स्वार्थका लागि मात्रै योजनाहरु गएको भन्दै पालिका प्रमुखहरु समेत असन्तुष्ट छन् ।

प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका नेता यामलाल कँडेल समेत कर्णाली सर कारको कामप्रति पूर्ण रुपमा असन्तुष्ट छन्, सरकारको एक वर्ष समयको बर बादी मात्र भएको उनको टिप्पणी छ । 'यो काम गर्ने सरकार हैन, मिलीजुली, बाँडी चुँडी खाने सरकार हो । अपेक्षा नगरेकै राम्रो', उनले भने ।

देशभरका सात वटा प्रदेश मध्ये विकासका हरेक जसो सूचकमा पछाडि रहेको कर्णाली प्रदेशको विकासका लागि सरकार मात्र हैन कर्णालीका सबै राजनीतिक दलहरुले साझा एजेन्डा तयार गरेर अगाडी बढ्नुपर्ने हो तर सरकारमा बसेकाहरुको कुरा एक हुने तर काममा सिन्को भाँच्ने काम नहुने नेताहरुको गुनासो छ ।

चालु आर्थिक वर्ष २०८०/८१ मा ३३ अर्ब ३७ करोड ९७ लाख रूपैयाँको बजेट ल्याएको प्रदेश सरकारले हालसम्म ४.९४ प्रतिशत मात्रै विकास बजेट खर्च गरेको विषयलाई मात्र विश्लेषण गर्ने हो भने थाहा हुन्छ सरकार कसरी काम गरिरहेको छ भनेर ।

टुक्रे योजनालाई प्राथमिकता दिएको भन्दै संसदमा प्रमुख प्रतिपक्षी दलले तीव्र आलोचना भएपछि टुक्रे बजेट विनियोजन नगर्ने भनेर लिइएको नीति समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेका कारण सरकारको कामप्रति जनताको आशा घट्दै गएको विश्लेषण गरिएको छ ।

सरकारलाई सफल बनाउन कर्मचारीको पनि भूमिका प्रभावकारी हुनुपर्ने हो तर पहुँचका भरमा स्थानीय देखि प्रदेश सम्म कर्मचारी फेरबदल गर्ने जस्ता कामहरुले पनि कर्मचारीहरुले काम गर्न नसकेको अवस्था कर्णालीमा देखिएको छ ।

समस्या नेता र कर्मचारी दुबैमा बरावर देखिएको एकले अर्कोलाई दोष दिने र उम्कने प्रयास गरेर कर्णालीको विकासमा अवरोध पुराउन नहुने नागरिक समाजको विश्लेषण छ ।

एक वर्षमा २८ पटक बसेको मन्त्रिपरिषद् बैठक मुख्यतः राजनीतिक नियुक्ति गर्ने, सचिवको जिम्मेवारी तोक्ने, मन्त्रालयको जिम्मेवारी र साङ्गठनिक संरचना हेरफेरमै केन्द्रित भएका कारण पनि कर्णाली प्रदेश सरकारले प्रभावकारी विकास भन्दा आफन्त केन्द्रित विकासमै रमाएको देखिन्छ ।

सरकारको कार्यशैलीप्रति सत्ता साझेदार दल कांग्रेस नै सन्तुष्ट छैन । गत २५ मंसिरमा बसेको कांग्रेस संसदीय दलको बैठकले ९० दिनभित्र आफूहरुसँग गरिएको सहमतिअनुसार काम नगरे सरकारको औचित्यमा पुनर्विचार गर्ने चेतावनी नै दिएको थियो ।

# सम्पादकीय

## कार्यकारी प्रणाली आवश्यक

संघीयता प्राप्ति पछि जसरी आमूल परिवर्तनको सोच नेपालका विभिन्न राजनीतिक दलका नेताहरूमा थियो अहिले ती नेताहरू नै कता हो कता विकल्पको खोजीमा लागिरहेको जस्तो देखिएको छ ।

तीन तहका सरकारमा जसरी स्थानीय सरकारलाई पाँच वर्ष सम्म अधिकार सम्पन्न बनाउनका लागि निर्वाचन प्रर्णालीमा मेयर पदमा विजयी भएपछि पाँच वर्षसम्मको अधिकार प्रदान गरिएको छ त्यसै गरी प्रदेश र संघमा पनि निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपतिले पाँच वर्ष सम्म शासन सत्ता सञ्चालन गर्न पाउने व्यवस्था उति वेलै सञ्चालनमा ल्याएको भए नेपालको विकासमा केही हदसम्म प्रभावकारी काम हुन सक्ने थियो । राम्रो काम गर्नेहरूलाई जनताले पुनः विजयी गराउने अवस्था आउँथ्यो भने प्रभावकारी काम गर्न नसक्नेलाई जनताले निर्वाचनमै हराएर सबक सिकाउने थिए ।

नेपालमा भएको प्रदेश र संघ सरकारको निर्वाचन प्रक्रियालाई परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको हो कि भन्ने विषयलाई नेपालका राजनीतिक दलहरूले एक पटक गम्भीर रूपमा समीक्षा गर्नुपर्ने आवश्यकता देखिएको छ ।

अहिले राजनीतिक पार्टीहरूले गरेका गलत कामहरूका बारेमा खुलेर विरोध मात्र भएका छैनन्, राजतन्त्र ल्याउने विषयले समेत अहिले चर्चा कमाएको अवस्था कायमै रहेको छ । राजतन्त्रको एजेन्डा बोकेर केही दिनका लागि मात्रै भए पनि फाइदा लिने शक्तिहरूले पुनः खुलेरै सडक तताउने काम गर्नु, यसका पछाडि कसको कामले यो अवस्था आयो भन्ने विषयको खोजी भएको छ कि छैन, जनताको जीवनस्तर सुधार गर्छौं भनेर भाषण गरेका दलहरूले एक पटक शीर्ष नेतृत्व तहमा बसेर छलफल गरेका छन् कि छैनन् । यो विषय अहिलेका लागि गम्भीर विषय हो । अव गणतन्त्रको विकल्प गणतन्त्र नै हो भन्ने हिसाबले यो देशमा कार्यकारी प्रणालीको सुधार गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

## दैलेख जिल्लाका महत्वपूर्ण फोन नम्बर

| | |
|---|---|
| दैलेख जिल्ला अदालत, दैलेख :- | ०८९-४२०१२१ |
| जिल्ला प्रशासन कार्यालय, दैलेख :- | ०८९-४२०११२ |
| जिल्ला समन्वय समिति, दैलेख :- | ०८९-४२०११४ |
| जिल्ला प्रहरी कार्यालय, दैलेख :- | ०८९-४२०१२५ |
| सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म दैलेख :- | ०८९-४१०२५५ |
| इलाका प्रशासन कार्यालय दुल्लू :- | ०८९-४११०३४ |
| जिल्ला स्वास्थ्य कार्यालय दैलेख :- | ०८९-४१०१२७ |
| जिल्ला कृषि ज्ञान केन्द्र, दैलेख :- | ०८९-४२०१४५ |
| डिभिजन वन कार्यालय, दैलेख :- | ०८९-४२०१३२ |
| जिल्ला पशुसेवा कार्यालय, दैलेख :- | ०८९-४१०१४८ |
| जिल्ला हुलाक कार्यालय, दैलेख :- | ०८९-४२०१४९ |
| जिल्ला सरकारी वकिल कार्यालय, :- | ०८९-४१०१२३ |
| शिक्षा समन्वय ईकाई, दैलेख :- | ०८९-४१०१५० |
| मालपोत कार्यालय, दैलेख :- | ०८९-४१०१७७ |
| नापी कार्यालय दैलेख :- | ०८९-४१०१४६ |
| नेपाल टेलिकम शाखा, दैलेख :- | ०८९-४२०१२२ |
| नेपाल विद्युत प्राधिकरण शाखा, दैलेख :- | ०८९-४१०१३० |
| राष्ट्रिय वाणिज्य बैंक दैलेख :- | ०८९-४२०११९ |
| कृषि विकास बैंक दैलेख :- | ०८९-४१०२०३, ४१०१५२ |
| नेपाल रेडक्रस सोसाइटी दैलेख जिल्ला शाखा :- | ०८९४२०१७९/०८९४२०१३७ |

# युवालाई गाउँ फर्काउने सूत्र

सञ्जीव कार्की

**स्वास्थ्यको दायित्व पनि राज्यले लिने र न्यूनतम बिमा रकममा स्वास्थ्य उपचार गर्ने, स्वास्थ्य शिक्षामा सर्वसुलभता आदिको ग्यारेन्टी राज्यले लिने गऱ्यो भने पनि गाउँको रौनक फर्कन मद्दत पुग्छ । दुर्घटना, असाध्यै बिरामी र सुत्केरीका लागि एम्बुलेन्स, तत्काल राहत र उद्धारका लागि हेलिकप्टर आदि स्ट्यान्डबाइ राख्ने प्रबन्धमार्फत गाउँलाई जगाउन सकिन्छ ।**

स्वास्थ्यको दायित्व पनि राज्यले लिने र न्यूनतम बिमा रकममा स्वास्थ्य उपचार गर्ने, स्वास्थ्य शिक्षामा सर्वसुलभता आदिको ग्यारेन्टी राज्यले लिने गऱ्यो भने पनि गाउँको रौनक फर्कन मद्दत पुग्छ । दुर्घटना, असाध्यै बिरामी र सुत्केरीका लागि एम्बुलेन्स, तत्काल राहत र उद्धारका लागि हेलिकप्टर आदि स्ट्यान्डबाइ राख्ने प्रबन्धमार्फत गाउँलाई जगाउन सकिन्छ ।

दशकअघिसम्म गाउँ खाली भए पनि सहर भरिएको हुन्थ्यो । मान्छे देशमै छन्, सहरमै छन्, गाउँमा केही अप्ठ्यारो परिहाले आज नभए भोलिसम्म पुगिहाल्छन् भन्ने स्थिति थियो । जिल्ला जिल्लाका सदरमुकामदेखि मुख्य मुख्य सहर पोखरा, विराटनगर, जनकपुर, राजविराज, धनगढीसहित राजधानी काठमाडौं हुँदै ललितपुर भक्तपुरसम्म क्रमशः मान्छे घटिरहेका छन्, देश बाहिर युवा छन् । देश क्रमशः रित्तिँदै छ ।

मान्छे मऱ्यो भने पनि आफन्त वा छोराछोरी आउने बाटो हेरेर लासले कुरेर बस्नु पर्ने भएको छ । आफन्तको मृत्यु वियोगमा नजिक गएर सहानुभूति र सान्त्वना सहयोग र समवेदना दिने मान्छेको समेत खाँचो हुँदै गएको छ । गाउँमा बलिया बाङ्गा, पाखुरा भएका तन्नेरीहरु छैनन्, छन् त कमजोर वृद्धवृद्धा र अशक्त निराधार मान्छेहरुको मात्रै बसोबास छ । गाउँमा शव काँधमा राखेर हिँडने मान्छेहरुको अभाव छ । कति गाउँपालिकाले लास राख्ने डिफ्रिज खरिद गरेको सुन्न र देख्न पाइन्छ । यस्ता कुरा पढ्दा र दृश्य हेर्दा मन भक्कानिन्छ ।

जनसङ्ख्याको ठुलो हिस्सा त्यसमा पनि सवाल र सक्षम युवा परदेश पठाएर देश बाँचिरहेको छ । १२ कक्षा सक्दै गरेको एउटा कर्णधार साथीलाई खाडीमा भेटौला भन्छ । प्रशस्तै कमाइ गरेर बसेको कुनै समय पनि बिरामीको अभाव नहुने स्वरोजगार वरिष्ठ डाक्टर यो देशमा बसेर मैले गल्ती गरेछु भन्छन् । किन भनेर प्रश्न गऱ्यो भने आफन्त, इष्टमित्र, छोराछोरी कोही नबस्ने देश बस्न कसलाई रहर हुन्छ भनेर जवाफ दिन्छन् । अब देशमा कमाइ राम्रो हुनेलाई समेत बस्न मन लाग्न छोडी सक्यो । कमाइ नहुने र अवसर नहुनेका कुरै छोडौं ।

### यस्तो किन भयो ?

सहरिया जीवन र चालचलन, शैली र परम्परालाई समृद्धिको मानक र ग्रामीण जीवनलाई गरिबी, आर्थिक अभाव पछौटेपन, अशिक्षा र असभ्यतासँग जोडेर हेर्ने क्रम बढ्यो । गाउँमा गरिने श्रम लज्जाको विषय बन्यो भने सहर र परदेशमा गरिने श्रम गर्वको विषय बन्यो । त्यति मात्र होइन सहर ले जागिरको आकर्षक रोजगारी पनि दियो । गाउँले कृषिमा गरिने श्रम हेयको विषय भयो तर अन्तर्राष्ट्रिय बजार र विशेषतः खाडी मुलुकमा श्रम बेच्न जानुलाई उचित ठानियो । बाहिर जानु नै सभ्य हुनु र देश बुझ्नु विदेश बुझ्नुको रुपमा हेर्न थालियो, गर्व र प्रतिष्ठाको विषय बनाइयो । राष्ट्र हाँक्ने दल पार्टी र तिनका नेताले गाउँ सम्झिएनन् । गाउँ जगाउने र जोगाउने कुरा बिर्से । विगतमा ‘गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ’ भन्दै गाउँ जगाउँदै हिँड्नेहरु गाउँको विकासमा जोडिने गीत बनाएर गाउँ पुगेनन् । गाउँको आकर्षणले कसैलाई तानेन । नाम चलेका नेता, सांसद र कर्मचारीहरु सबैले सहरमा घर बनाएर गाउँ परित्याग गरे ।

‘आफ्नो गाउँ आफैँ बनाउँ’ भनेर २०५१ मा गाउँलाई प्राथमिकता राख्ने एमालेका नेताहरु आज बिना ढेउवाके विदेश भनेर गाउँलेलाई विदेश निर्यात गर्न पाउँदा खुसी हुन लागे । लामो समय नेपालको शासन सत्ताको नेतृत्व गरेको कांग्रेसले गाउँमुखी कार्यक्रम बनाएर लान सकेन । गाउँमै सेल्टर बनाएर ६० प्रतिशत गाउँ आफ्नो कब्जामा राखेर सशस्त्र सङ्घर्ष विस्तार गरेको माओवादी पनि गाउँ निर्माण गर्ने मुद्दामा नराम्रोसँग चुक्यो । फलतः सबैले माया मारेको कारण गाउँ श्रीहीन बन्यो । गाउँको आकर्षण र श्री खोसेको सहर पनि आफैँ आज बिस्तारै फिक्का र रङ्गहीन बन्दै छ । सहरले पनि श्री गुमाइसकेपछि देश नै उजाड र सुक्खा बन्ने चरणमा छ । सहरका पनि प्रायः घरका छोराछोरी देश बाहिर छन् । हजारौंले देश छोडेको दारूण चित्रले प्रत्येक दिन एयरपोर्टमा रूवावासी चल्छ ।

### अब के गर्ने ?

स्वास्थ्य र शिक्षा यति महँगो भयो, जसले गर्दा कमाउन र पढ्न परदेश जानै पर्ने भयो । गाउँको कमाइले जीवन धानिएन । गाउँमा स्कुल नभएको र स्कुल भवन अनि शिक्षक शिक्षिका नभएका होइनन् । नभएको गुणस्तरीय शिक्षा हो । विश्व बजारसँग प्रतिस्पर्धा गर्नेदेखि आफ्नो काम आफैँ गरेर खाने, उद्यमी आफैँ बन्ने कृषि आफैँ गर्ने, श्रम गर्न लाज नमान्ने, श्रमलाई माया गर्ने सिप प्रविधि र रोजगारमूलक शिक्षा गाउँमा दुर्लभ छ त्यसैले शिक्षालाई सर्वोपरि ठान्ने चेतले अलिअलि भएका मान्छे र तिनका केटाकेटी पनि सहरतिर जाने कारण गाउँ शून्य भएको पाइन्छ ।

सामुदायिक शिक्षाको स्तर उन्नति समय अनुसारको पाठ्यक्रम र रोजगार प्रवर्धन गर्ने शिक्षा रोजगार भनेको लिने मात्र होइन दिने उद्यमी बनाउने शिक्षाको सख्त जरूरी छ । शिक्षाको पुनर्संरचना बिना नयाँ संस्कृति र नयाँ चेतको भाष्य निर्माण सम्भव छैन । कृषिलाई मानव सभ्यताको प्रारम्भको सभ्यता र सम्मान मान्ने शिक्षा, ग्रामीण पर्यटन, होमस्टे आदिबाट सम्भावना खोज्ने पर्यटन र उद्यमी बनाउने शिक्षामा लगानी गर्दै गाउँ हराभरा बनाउनु आवश्यक छ ।

सहर केन्द्रित कुखुरा पालन, पशुपन्छी पालन, पशुवध, तरकारी खेती उद्योगलाई गाउँ पठाउने राज्यले नीति अख्तियार गर्नुपर्ने देखिन्छ । खेतबारी बाँझो नराख्न कृषिमा प्रविधि, मल बिउबिजन, सिँचाइ कुलोदेखि अनुदान राहत, क्षतिपूर्ति र बिमा सहुलियतदेखि कृषि सामग्री स्थानीय सरकारले नै खरिद गर्ने व्यवस्था गर्दा गाउँका जग्गा बाँझा नरहने र गाउँमा युवा बस्ने रमाउने वातावरण बन्न सक्छ । खाली जग्गामा फलफूलका बोट बिरूवा लगाउन उत्प्रेरित गर्न, घरेलु मदिरा उत्पादनलाई व्यवस्थित गर्न, गाँजालाई वैध बनाएर गाँजा खेतीको नीति ल्याएर गाँजालाई राष्ट्रिय आयको अभिन्न अङ्ग बनाउनेतर्फ सरकार राजनीतिक दल, कृषि विज्ञहरु, नीति निर्माता लाग्ने हो भने देश बन्न समय लाग्दैन ।

स्वास्थ्य यति महँगो भयो कि ? बिरामी भएपछि सामान्य मान्छेको घर खेत सकिने ऋृण लाग्ने हुन थाल्यो तब पैसा कमाउन मान्छे लेबर बन्न पनि परदेशिनु पर्ने बान्ध्यता बन्यो । पढाइ, रोजगार, शिक्षा र स्वास्थ्यका लागि गाउँदेखि सहर सम्मको मान्छे बिदेसिएको छ, तसर्थ देश युवाविहीन र आकर्षणविहीन भएको हो । स्वास्थ्यको दायित्व पनि राज्यले लिने र न्यूनतम बिमा र कममा स्वास्थ्य उपचार गर्ने स्वास्थ्य शिक्षामा सर्वसुलभता आदिको ग्यारेन्टी राज्यले लिने गऱ्यो भने पनि गाउँको रौनक फर्कन मदत पुग्छ । दुर्घटना, असाध्यै बिरामी र सुत्केरीका लागि एम्बुलेन्स, तत्काल राहत र उद्धारका लागि हेलिकप्टर आदि स्ट्यान्डबाइ राख्ने प्रबन्धमार्फत गाउँलाई जगाउन सकिन्छ ।

### ग्रामीण अर्थतन्त्रका कुरा

गाउँको मौलिकता बारे नीति नियम बनाउने कसैले सोचेनन् । गाउँ प्राथमिकतामा पर्नु भनेको कृषिमा ध्यान पुग्नु थियो त्यो भएन । कृषि बोझिलो झन्झटिलो बन्यो निर्वाहमुखीसमेत बन्न सकेन । गाउँले कृषिको प्राण त गइसकेको छैन तर अब जानेवाला छ भन्यो भने अन्यथा हुने छैन । नेपाललाई कृषिप्रधान देश भनिन्छ । राज्यको आर्थिक स्रोतको मुख्य आधार कृषि मानिन्छ तर कृषिको अवस्था दयनीय र अधोगतिमा छ । २० औं शताब्दीमा भारतमा महात्मा गान्धीले प्रखर रुपमा ग्रामीण अर्थतन्त्रको वकालत गरेका थिए । आधारभूत आर्थिक चिन्तन नै ग्रामीण अर्थतन्त्रलाई बनाएका थिए र आज भारत कृषिमा पनि मजबुत छ । नेपालले पनि गाउँ बनाउने नीति बनाउन ढिला गर्नु हुन्न । हालै आफूले अध्ययन गरेको सरस्वती बहुमुखी क्याम्पसको ६५ औं वार्षिकोत्सवमा राष्ट्रपति रामचन्द्र पौडेलले भन्दै हुनुहुन्थ्यो, “लोकतन्त्रपछि गाउँमा शिक्षा, सडक, सञ्चार स्वास्थ्य र बिजुली पुग्यो तर उपभोग गर्ने मान्छे भएनन् । गाउँ रित्तिँदै गयो यसतर्फ ध्यान केन्द्रित गरौं ।” त्यसै गरी नेकपा एमालेका अध्यक्ष केपी ओलीले पनि नेकपा एमालेले आयोजना गरेको मङ्सिर १४ बाट वबतडीको झुलाघाटदेखि पाँचथरको चिवाभन्ज्याङको लङमार्चमा

बाँकी ३ पेजमा.........

# दैनिक राशिफल

**मेष** (चु.चे.ला.ली.लु.ले.लो.अ.)
स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् । प्रेम जीवन पनि सफल रहनेछ ।

**कर्कट** (ही.हू.हे.हो.डा.डी.डू.डे.डो.)
रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । शैक्षिक क्षेत्रमा पनि सामान्य सफलता पाइनेछ ।

**तुला** (रा.री.रू.रे.रो.ता.ती.तू.ते.)
स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला । काम बिगार्नेको सक्रिय रहन सक्छन् र नियमित खर्चसमेत बढ्नेछ ।

**मकर** (भो.जा.जी.खी.खू.खे.खो.गा.गी.)
आज लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अरूको मुख नताकी सही निर्णय लिन सके थप अवसर प्राप्त होला ।

**वृष** (इ.ऊ.ए.ओ.वा.वि.वू.वे.वो.)
आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।

**सिंह** (मा.मी.मू.मे.मो.टा.टी.टू.टे.)
प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ । खेलकुद र साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । शैक्षिक क्षेत्र पनि राम्रै हुनेछ ।

**वृश्चिक** (तो.ना.नी.नू.ने.नो.या.यी.यु.)
आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ ।

**कुम्भ** (गू.गे.गो.सा.सी.सू. से.सो.द.)
आज सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । शिक्षामा पनि अवरोध आउनसक्छ ।

**मिथुन** (का.की.कु.घ.ङ.छ.के.को.ह.)
आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती काम गर्न पुगिएला, सचेत रहनुहोला ।

**कन्या** (टो.प.पी.पू.ष.ण.ठ.पे.पो.)
आफन्त र मित्रवर्गको सहयोग पाइनेछ । प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ, तर अनावश्यक हिँडडुल नगरेकै जाती ।

**धनु** (ये.यो.भा.भी.भू.ध.फा.ढा.भे.)
बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । विदेशमा रहेका आफन्त सँग कुराकानी हुनेछ ।

**मीन** (दी.दू.थ.झ.ञ.दे.दो.च.ची.)
आफन्तबाट सहयोग प्राप्त हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ । नयाँ कार्यको योजना बन्नेछ र शुभ कार्यको चर्चा पनि हुनेछ ।

# यमनमा अमेरिकाको आक्रमण असामान्य: एर्दोगान

**एजेन्सी** : टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले संयुक्त राज्य अमेरिका र बेलायतले यमनमा हुथी लक्ष्यमा हवाइ आक्रमण गर्नु असामान्य भएको प्रतिक्रिया दिएका छन् ।
उनले दुई देश र उसका सहयोगीले यो क्षेत्रमा असमान शक्ति प्रयोग गर`को आरोप लगाए। उनले अमेरिका र बेलायन लाल सागरलाई ‘रगतयुक्त पानी’मा परिणत गर्न उत्सुक रहेको बताए ।
यसैबीच हुथी समूहले लाल सागरमा हवाइ हमलामा आफ्ना पाँच लडाकु मारिएको र अन्य ६ जना घाइते भएको बताएको छ ।
अक्टोबर ७ मा इजरायल-हमास द्वन्द्व शुरू भएदेखि हुथी समूहले इजरायलसँग सम्बन्धित जहाजमा आक्रमण बढाएको छ। यसैको प्रतिक्रया स्वरुप अमेरिका र बेलायतले हुथीमाथि आक्रमणा गरेको बताइएको छ ।

# युवालाई गाउँ फर्काउने ........

मानवविहीन गाउँ देखेर, उजाड बस्ती देखेर, बाँझा खेतबारी देखेर सोचमग्न बन्नु परेको भयो । राष्ट्रिय जनगणना २०७८ लाई हेर्दा कृषिमा संलग्न जनसङ्ख्या ५०.१ प्रतिशत रहेको पाइन्छ। जब कि २०६८ को जनगणनामा ६५.६ प्रतिशत थियो, यसैबाट थाहा हुन्छ १० वर्षको अन्तरालमा हाम्रो कृषि कति ओरालो लागेको छ। हाम्रा कृषियोग्य जमिन बाझिने क्रम तीव्र छ। एकातिर कृषिमा लगानी अनुसार उत्पादन छैन, कृषि मजदुरको अभाव छ । अर्मपर्म मेलापात गर्ने मान्छे छैनन् । उत्पादन भए बजारले भारतीय र चिनियाँ कृषि सामग्रीसँग प्रतिस्पर्धा गर्न सक्दैन तब कृषि धर्मरिनु अनौठो भएन ।
कृषिमा लागत अनुसार प्रतिफल आएन कृषि जोखिमयुक्त बन्यो । किसानले दु:ख गरी लगाएको बालीनालीको समेत असुरक्षा बढ्दै गयो। बालीनाली वन्यजन्तुहरु बँदेल, मृग, खरायो र बाँदरले खाएर हैरान बनायो । बाँदर आतङ्क ग्रामीण अर्थतन्त्रका लागि सबैभन्दा ठुलो चुनौती बनेको छ । ठुलो उत्साह लिएर कृषिमा होमिएको पुस्ता पनि अनपेक्षित हानि र क्षयले आक्रान्त छ, यस्तो बेला ढाडस दिने, सहजकर्ता बनिदिने स्थानीय सरकार भएन । बैङ्कको लगानी अनुत्पादक क्षेत्र घर घडेरीमा सहजै भयो तर उत्पादनमूलक, आयमूलक रोजगारीमूलक कृषिमा हुन सकेन । कृषक कसैका बन्न सकेनन् । अत: कृषिको हालत रूग्ण बन्दै गयो ।

**परनिर्भरता**

गाउँमा कृषि अपहेलित र अमर्यादित बनेको छ । हलो धुलोसँग वितृष्णा छ । घरनजिकै र करेसामा सजिलै उत्पादन हुने आलु, साग, लसुन, प्याज खोर्सानी, गुन्द्रुक, मसलाजन्य बालीनाली लगाउन छोडियो । किनेर खान सस्तो पर्ने र किन्दा गर्व गर्ने संस्कृति बनेको छ । जसको कारण परनिर्भरता बढ्दो छ । हिन्दु धर्म मान्नेहरुको अधिक बाहुल्यता भएको देशमा जनैसमेत आयात गर्न थालियो। यदि गाउँको अर्थतन्त्र चलायमान र मजबुत हुन्थ्यो भने हामी आत्मनिर्भर बन्दै जान सक्छौँ । खाद्यान्नमा आत्मनिर्भर हुँदै जाँदा अर्थ राजनीतिमा पनि सहजता प्राप्त हुन्थ्यो । सहरी अर्थतन्त्रको परिपूरक ग्रामीण अर्थतन्त्र बनाउन सकियो भने गाउँको र देशको साख पुनर्स्थापना सहजै गर्न सकिन्छ । कृषिमा आधारित ग्रामीण अर्थतन्त्रले आफू आत्मनिर्भर बन्दै सहरलाई आफूले प्रयोग गरेर बाँकी रहेका अन्नबाली तरकारी गेडागुडी, सब्जी फलफूल, दुधजन्य उत्पादन, मह, माछामासु अण्डा नगदेबाली निर्यात गर्न सक्छ। डोकोडालो, नाङ्लो चाल्नो, मान्द्रो, दुना टपरी आदि साना र कुटीर उद्योगका समान पठाउन सके सहर र गाउँको सम्बन्ध प्रगाढ बन्ने थियो।

**शान्त, स्थिर र सभ्य गाउँ**

सहरको सभ्यताभन्दा गाउँको सभ्यता धेरै पुरानो हो, सहरी सभ्यता करिब पाँच सय वर्ष पुरानो मात्र मानिन्छ। यद्यपि गाउँ र सहर फरक होइनन् एकार्काका परिपूरक हुन् । समाजशास्त्री चैतन्य मिश्र भन्नुहुन्छ, “गाउँ र सहर छुट्टा छुट्टै होइनन् एक अर्कामा आश्रित बस्तीहरु हुन् । गाउँ र सहर अन्योन्याश्रित हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहने छ।” अबको पुस्तालाई गाउँको अर्ग्यानिक जीवनसहित गाउँ उठ्ने र जाग्ने शिक्षा दिनु पर्छ । समस्या अब गाउँ कसरी जीवित राख्ने भन्ने हो । गाउँको सहरीकरण होइन गाउँको आधुनिकीकरण आवश्यक छ । सहरीकरण र आधुनिकीकरण एकै होइनन् ।
गाउँबाट विस्थापन रोजेकाहरुले ‘आफ्नै गाउँ फर्की आएँ, नयाँ नयाँ सपना ल्याएँ’ भन्ने गीतको भावका साथ गाउँ फर्कनेलाई देशले गाउँमा स्वागत गर्ने परिपाटी बसाल्नु पर्छ । गाउँ आउन किन पनि सजिलो छ भने अहिलेसम्म गाउँको माटो र हावापानीसँग भावनात्मक निकटता रहेको पुस्ता र दस्ता बाँकी छ । भावनात्मक समीप सकिएपछि गाउँ फर्काउन सहज हुँदैन । कृषिका अलावा हाम्रो जल, जमिन, जडीबुटी, जङ्गल, हिमाली पर्यटन, पहाडी पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक सम्पदा सबै अर्थ आर्जन गर्ने प्रचुर सम्भावनायुक्त क्षेत्र गाउँ नै हुन् । गाउँ उज्यालो भए देश उज्यालो हुन्छ गाउँको विकास र परिवर्तन कुनै अलौकिक कुरा होइन जसलाई हाम्रै सपना, मेहनत, मस्तिष्क र हाम्रै खेतबारीमा लाउने प्रयासका पाखुरीबाट सम्भव तुल्याउन सकिन्छ।

*साभार गोरखापत्र*

# मानसिक स्वास्थ्यका लागि शाकाहारी खानेकुरा उत्तम



पौराणिक कालदेखि नै खानालाई तीन प्रकारमा विभाजन गरिन्छ । सात्विक खानाले शरीरलाई शुध्द राख्छ भने मनलाई शान्ति दिन्छ। फलफूल तथा सागसब्जी त्यस्तो खानामा पर्ने गर्छन् । त्यस्तै राजर्षी खाना भन्नाले शरीर र मस्तिष्कलाई क्रियाशील बनाउने खाना भन्ने बुझिन्छ। यस्ता खानाको अत्याधिक सेवनले शरीर लाई उत्तेजना प्रदान गर्छ। जस्तै मसालादार खाना,चिया कफीको बढी मात्रामा प्रयोगले शरीरलाई नकारात्मक असर प्रदान गर्न सक्छ। त्यसैले राजर्षी खाना खानाको अत्याधिक प्रयोग गर्दा त्यसले शरीर लाई नकारात्मक असर गर्ने गर्छ ।
त्यस्तै ताम्सिक खाना जसले मस्तिष्क तथा मनलाई नकारात्मक असर गर्ने खानालाई ताम्सिक खाना भनिन्छ । यसअन्तर्गत बासी धेरै तताएर खाएको खाना , धेरै चिल्लो, धेरै गुलियो, मांशहारी खानेकुरा लगायतका खानेकुराहरू ताम्सिक खानेकुरामा पर्छ। यी तथ्यहरू वैज्ञानिक रूपमा प्रमाणित छन् ।
शांकाहारी खानेकुराले शरीरलाई बलियो बनाउनुका साथै मानसिक स्वास्थ्यलाई समेत हित गर्ने विभिन्न अध्ययनहरूको निश्कर्ष रहेको छ । विकासोन्मुख मुलुकहरूमा हाल मुख्यतया मुटुको तथा मानसिक स्वास्थ्यको समस्या रहेको अवस्था छ। खानेकुराले मानसिक तथा मुटु स्वास्थ्य दुवैलाई प्रभाव पारेको देखिन्छ । त्यस्तै शांकाहारी खानाले मोटोपना घटाउनुका साथै मानिसमा रहेको कार्य क्षमता समेत बढाउने गर्छ। डायबाटिज, उच्च रक्तचाप, मोटोपना,मस्तिष्कघात,क्यान्सरजस्ता र ोगको रोकथाममा शाकाहारी खाना उपयोगी हुने विभिन्न अध्ययनहरूले देखाएको छ ।

**शाकाहारी खानेकुराले शरीरलाई कसरी सहयोग गरिरहेको हुन्छ**

ताजा सागसब्जी, फलफूल तथा हरियो सागसब्जीमा एन्टिअक्सिडेटको मात्रा बढी रहेको हुन्छ । जुन मांशाहारी खानेकुराबाट पाउन सकिदैंन । यो मुटु रोग क्यान्सर जस्ता रोग उत्पादन गर्ने रासायनिक तत्वहरूलाई एन्टिअक्सिडेटले नष्ट गर्ने काम गर्छ । शाकाहारी खानेकुरामा फाइटोकेमिकल्सको मात्रा धेरै रहेको हुन्छ। यसले पनि विभिन्न प्रकारका प्राणघातक रोगहरू को जोखिमलाई घटाउने गर्छ। शाकाहारी खानेकुरामा बढी मात्रामा पाइने फाइबरले कोलेस्ट्रोरेलको शोषणको मात्रामा घटाउने गर्छ। जसले आन्द्रा सम्बन्धि धेरै रोगहरूलाई फाइदा हुने गर्छ ।

**मुटु तथा क्यान्सर रोगको जोखिम कम**

त्यसैगरी भिटामिन सी, भिटामिन ई लगातयका तत्वहरूले क्यान्सर मुटु रोग तथा अन्य प्रकारका दीर्घ रोगहरूबाट बचाउन सहयोगी भूमिका खेल्ने गर्छ । मांशाहारी खानेकुराको तुलनामा शाकाहारी खानेकुरामा स्याच्यूरेटड फ्याक्ट कम हुने भएकोले यसले रगतमा खराब प्रकारको कोलेस्ट्रोरेलको मात्रा कमी हुने गर्छ । फलफूल तथा सागसब्जीको बढी प्रयोगले शरीरमा खराब कोलेस्ट्रोरेलको मात्रा बढ्न पाउँदैंन । माशांहारी खानामा शाकाहारी खानामा भन्दा सोडियमको मात्रा बढी हुने गर्छ । शाकाहारी खाना खाने व्यक्तिमा आँखासम्बन्धी समस्या कम हुने गर्छ ।

तौल घटाउन उपयोगी

माशांहारी खानेकुरामा क्यालोरी बढी हुने भएकोले शाकांहारी खानाले तौल घटाउन सहयोगी भूमिका खेल्न सक्छ ।

श्वाप्रश्वासको समस्यामा कमी

शाकाहारी खानेकुराको सेवन गर्ने मानिसहरूमा श्वास प्रश्वासको समस्या कम मात्रामा आउने गर्छ। शाकाहारी खानाको सेवन गर्ने मानिसहरूमा माशांहारी खाना खानेहरूमा भन्दा सास गन्ह्याउने समस्या कम हुने अध्ययनले देखाएको छ। फुड एलर्जीमा कमी माशांहारी खाने खाने मानिसहरूलाई भन्दा शाकाहारी खानेहरूलाई फुड एलर्जी कम हुने अध्ययनले देखाएको छ ।

# औषधि उत्पादन गर्दै औषधि लिमिटेड

**काठमाडौं** : नेपाल औषधि लिमिटेडले जनतालाई नि:शुल्क वितरण गर्न आवश्यक पर्ने थप २० किसिमका औषधि उत्पादन गर्ने योजनाअघि सारेको छ । हाल उत्पादन भइरहेका औषधिका अतिरिक्त नि:शुल्क वितरणका लागि आवश्यक औषधि कम्पनी आफैँले उत्पादन गर्ने तयारी गरेको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को निर्देशनपछि सरकारबाट उपलब्ध हुँदै आएका ९८ मध्ये २० किसिमका औषधि लिमिटेडले उत्पादन गर्ने योजना बनाएको छ । स्वदेशमै उत्पादन गरेर लिमिटेडले सरकारलाई औषधि बिक्री गर्ने तयारी गरिरहेको औषधि लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरूले जानकारी दिए। प्रधानमन्त्रीको निर्देशनसँगै आफूले व्यापारिक योजना तयार गरेर आवश्यक स्रोत जुटाउन लागिपरेको पनेरूको भनाइ छ। उनका अनुसार लिमिटेडको संस्थागत क्षमता अभिवृद्धि गरी दिगोरुपमा सञ्चालन सुनिश्चितताका लागि व्यावसायिक योजनासहित उद्योग मन्त्रालय र लिमिटेडबीच सम्झौतासमेत भएको छ । विगतमा लिमिटेडले एक सय ४६ किसिमका औषधि उत्पादन गर्दै आएको थियो। केही समय सिटामोल मात्र उत्पादन गर्दै आएको लिमिटेडले हाल नौ किसिमका औषधि उत्पादन गर्दै आएको छ ।
सरकारले नि:शुल्क वितरण गर्दै आएको औषधि उत्पादनमा जोड दिँदै आएको लिमिटेडले पछिल्लो समय लगानीसँगै उत्पादनमा विविधीकरण गर्ने योजना बनाएको हो । प्रतिस्पर्धी बजारमा तालमेल गर्न नसक्नु र प्रविधिमैत्री बन्न नसक्दा यस्ता सरकारी स्वामित्वका कम्पनीको प्रवर्द्धन हुन सकेका छैनन्। प्रधानमन्त्री दाहालको निर्देशन र लिमिटेडले तयार पारेको कार्ययोजनासहित प्रतिस्पर्धामा


*बाँकी ४ पेजमा....*

होटल मानसरोवर
यहाँहरुको हार्दिक स्वागत गर्दछ ।
our Services
- Fast, Fresh and flavorous recipies are served.
- Facility of folding type, training, conference, meeting and party hall.
- Laxurious accomodation with free room service.
- Facility of Led TV, Electicity, Wifi, Telephone, hot and cold water with every room attached bath.
- Rooftop and sight seening space.
- Good Facility of Parking for your Vehicles with special driver's rooms.

Hotel Mansarovar, *Dekendra chowk dailekh*
Contact: 089-420663, 9849652952-9848062505


छपाई सम्बन्धी सम्पूर्ण कामका लागि,सम्झिनै पर्ने नाम सक्षम अफसेट प्रेस
- भ्याटविल, नगदी रसिद,भरपाई छपाई ।
- जिन्सीखाता, खर्च भएर जाने खाता
- विद्यार्थी हाजिरी, कर्मचारी हाजिरी
- निजामति कर्मचारी हाजिरी रजिष्टरहरू
- जिल्ला स्तरिय वार्षिक परिक्षाका कापीहरू
- सम्पूर्ण कक्षाका प्रश्नपत्रहरू
- सादा तथा रंगिन पोष्टरहरू

विभिन्न प्रकारका सादा तथा रंगिन पत्रपत्रिकाहरू विल लेटरप्याड, कार्ड, भिजिटिङ कार्ड, विवाह कार्ड,प्रमाण-पत्र, सम्मान-पत्र विभिन्न किसिमका सहकारी संस्थालाई चाहिने रजिष्टरहरू विभिन्न किसिमका सहकारी संस्थालाई चाहिने रजिष्टरहरू, मुख्य खाता, ऋणलेजर
प्रो. विष्णु शर्मा
सक्षम अफसेट प्रेस,गणेश चौक दैलेख
धमाका राष्ट्रिय, दैनिकको कार्यालय संगै फोन: ०८९-४२०४०३ मोन: ९८४८१४१३१३






फेलेक्स ब्यानर लगायतका सम्पूर्ण कामहरू पनि गरिन्छ है ?



# आर्यघाटको नियमित सफाइमा युवाहरु

**दैलेख** : मृत्यु भएका मानिसहरुको दाहसंस्कार गर्ने दैलेखको शिरस्थान क्षेत्रमा हुने फोहोर व्यवस्थापनका लागि नारायण नगरपालिका १ कुई कानाका युवाहरुले हरेक साता सफाइ अभियान थालेका छन् ।

सरकारी जागिरे देखि सबै युवाहरु आर्यघाट सफाइको काममा केही महिनादेखि लागिरहेका छन् ।

युवा एवं कर्मचारी किशोर केसी लगायतका कुई कानाका युवाहरुले यो कार्यलाई निरन्तरता दिंदै आएका छन् ।



# उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान

**काठमाडौं** : आगामी माघ ११ गते बिहीबार हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि शनिबार उम्मेदवार लाई निर्वाचन चिन्ह प्रदान गरिएको छ । निर्वाचन आयोगको स्वीकृत कार्यक्रमअनुसार शनिबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिन्ह प्रदान गरेको हो । सातवटै प्रदेश निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवार लाई सम्बन्धित दलको निर्वाचन चिन्ह प्रदान गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । निर्वाचनमा आठ राजनीतिक दलका ५१ जना उम्मेदवार मैदानमा छन् ।

उक्त निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारी मनोनयनपत्र दर्ता भएको थियो । आयोगका अनुसार कोशी प्रदेशमा पाँच, मधेसमा पाँच, बागमतीमा १५, गण्डकीमा आठ र लुम्बिनी प्रदेशमा छ जना उम्मेदवार छन् । कर्णाली प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा छ/छ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । सातै प्रदेशमा महिला समूहतर्फ १८, दलित समूहतर्फ पाँच, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २० गरी जम्मा ५१ जना उम्मेदवार छन् ।

# औषधि उत्पादन गर्दै ..........

उत्रिनका लागि सहयोग पुग्ने महाप्रबन्धक पनेरुले विश्वास व्यक्त गरे । उनले भने, 'हाल केही औषधिमा प्रतिस्पर्धा गर्न सकिन्छ । आगामी दिनमा कम्पनीको क्षमता विस्तार हुँदै गएपछि बजारमा उपलब्ध अन्य औषधिसँग प्रतिस्पर्धा गर्न मद्धत पुग्नेछ ।' गुणस्तरीय औषधि उपलब्ध गराउन लिमिटेड तयार रहेको उल्लेख गर्दै महाप्रबन्धक पनेरुले देशका सबै स्थानीय तहसँग सहकार्य गरेर औषधिको बिक्री वितरण गर्न बताए। उनका अनुसार कम्पनीले विगतको तुलनामा उत्पादन र बिक्री बढाएको छ । पछिल्लो एक महिनामै एक करोड ५० लाखसम्मको औषधि बिक्री गर्न सफल भएको छ ।

लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपानले सरकारले जनतालाई उपलब्ध गराउने ९८ किसिमका औषधि उत्पादन गरेर बिक्री गर्ने मुख्य उद्देश्य रहेको र सोहीअनुसार योजना अगाडि बढेको जानकारी दिए उनका अनुसार प्रतिस्पर्धी क्षमता विस्तार गर्न हाल औषधि लिमिटेडले ओगटेको क्षेत्रलाई स्वआर्जनमूलक परिसरमा रुपान्तरण गर्ने, व्यावसायिक रुपमा 'मेडिकल हब' सञ्चालन गर्ने र उद्योगलाई प्रतिस्पर्धी बनाउन उत्पादन क्षमता विस्तार गर्ने योजना बनाएको छ । बर्सेनि अर्बौंको औषधिजन्य पदार्थको आयातलाई निरुत्साहित तुल्याउन पनि औषधि लिमिटेडको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिएको महाप्रबन्धक पनेरुले बताए। सरकारले तत्कालका लागि लगानी गरेको अवस्थामा उत्पादन गरेर सरकारको रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरे । व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका अनुसार चालु आर्थिक वर्षको पाँच महिनामा १६ अर्ब ८० करोड बराबरको औषधिजन्य पदार्थ आयात भएको छ। गत आर्थिक वर्षमा २०७९/८० मा ४४ अर्ब ६४ करोड बराबरको औषधिजन्य पदार्थ नेपाल भित्रिएको थियो । सबैभन्दा बढी औषधिजन्य पदार्थ भारतबाट आउने गरेको छ। गतवर्ष नेपालबाट एक अर्ब ६० करोडका औषधिजन्य वस्तु निर्यात भएको थियो ।

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### गाउँपालिका क्षेत्रभित्र नदीजन्य पर्दाको उत्खनन्,संकलन र विक्री वितरणका लागि(सार्वजनिक सूचना )

**प्रथम पटक सूचना प्रकाशित मिति ( २०८०/०९/२९**

**प्रदेश** - कर्णाली **जिल्ला** - दैलेख **गाउँपालिका**-भगवतीमाई गाउँपालिका

**प्रस्तावकको नाम र ठेगाना** - भगवतीमाईगाउँ कार्यपालिकाको कार्यालय पगनाथ,दैलेख ।

वेब साईट : www.bhagawatimai.gov.np ईमेल : rmp.bhagawatimai@gmail.com

सम्पर्क नं. : ९८५८०२०८९९/९८५८०२०७९९

**प्रस्तावको नाम** - कट्टी खोला र लोहोरे खोलाको वडाभैरव क्षेत्रबाट नदीजन्य पर्दाथको उत्खनन्, संकलन र विकि वितरण गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्य ।

**प्रभाव पर्ने क्षेत्रका वडाहरू** ( सबै वडाहरू (१-७)

**प्रस्तावको व्यहोरा** :भगवतीमाई गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेको कट्टी खोला र लोहोरे खोलाको वडाभैरव क्षेत्रबाट नदीजन्य पर्दाथको उत्खनन्,संकलन र विक्री वितरण गर्नको लागि "प्रारम्भिक वातावरणीय परीक्षण" को कार्यसूची (Terms of Reference) गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७८ को दफा ४ को उपदफा (४), वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४ तथा मन्त्रालयका निर्देशनहरूको अधिनमा रही भगवतीमाईगाउँपालिकाको प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ को मातहतमा रहेर प्रारम्भिक वातावरणीय परीक्षण प्रयोजनका लागि सम्बन्धित क्षेत्रसंग सम्बन्धित सवालहरूको बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका व्यक्ति वा संस्थाको जैविक,भौतिक,आर्थिक,सामाजिक एवं वातावरणका पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धी राय सुझाव लिनु पर्ने भएकाले सोही कार्यविधि अनुसार यो सूचना प्रकाशित गरिएको छ। माथिको प्रस्ताव कार्यान्वयनबाट प्रभाव पर्न सक्ने माथि उल्लेखित खोला क्षेत्रका वडाका विद्यालय,स्वास्थ्य सस्थाहरु,सरोकारवाला संघसस्था र व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध छ ।

**बखतबहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**


**एक पटक सेवा गर्ने मौका दिनुहोस् ।**

प्रवन्धकः अभिषेक अनुराग
Email: abishek9851069552@gmail.com

**आँचल ज्वैलर्स**
देवकोटाचोक, दैलेख
१ नं. सुनको गहनाको लागि.......

हामिकहाँ पुराना तथा आधुनिक डिजाइनका सुनचाँदी र हिराका गरगहना ग्यारेन्टिका साथ बनाउनुका साथै खरिद विक्रि गरिन्छ ।



सम्पूर्ण गरगहनाहरु बिना रसायन तयार गरिन्छ ।



सम्पूर्ण रोगहरुको सफल उपचारका लागि

**गिरी आयुर्वेद मेडिकल हल तथा स्वास्थ्य क्लिनिक**
देवकोटाचौक,जिल्ला प्रहरी कार्यालय अगाडि,दैलेख ९८४४०३३९८६

विगत लामो समय देखी कविराज निरीक्षक राजिव भारती बाट दैनिक परीक्षण गरी

ग्यानोगोला, पुरानो ग्याष्ट्रिक, अल्सर, दुब्लोपन, मोटोपन, मन डराउने, मुटु हल्लिने, निन्द्रा नलाग्ने, दम, खोकी, ब्रोङ्कानाइटिस, छातीको दाग, टन्सिल, थाईराईड, सुगर, प्रेसर, पिनास, टाउको दुखिरहने, माइग्रेन, वाथ, ढाड, कम्मर दुख्ने, हात खुट्टा झमझमाउने, रगत सम्बन्धी समस्याहरु, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनमा हुने गाँठागुठी, किड्नी तथा पित्तथैलीको पत्थरी, प्रोस्टेट, लिभर सुन्निएको, पेट सुन्निएको, जण्डिस, बाँझोपन, नपुंसकता, शीघ्रपतन, पुरुष तथा महिलामा हुने यौन इच्छाको कमी, लुतो, दाद, सेतो दुबी, डण्डीफोर, मुसा, एलर्जी, डाबर, सोराइसिस कपाल झर्ने आदि रोगहरुको सफल उपचार गरिन्छ।

- प्यारालाइसिस, नसा च्यापिएको, झस्को पसेको, वाथ, नसारोग, ढाड, कम्मर, घुडा र कुर्कुच्चाको दुखाईमा पञ्चकर्म थेरापीद्वारा उपचार गरिन्छ।
- विज्ञ अनुभवी डाक्टरबाट पाइल्स, फिस्टुला र फिसरको अपरेशन(क्षारशुत्र) अथवा बिना अपरेशन आयुर्वेदिक औषधिको प्रयोग गरी सफल उपचार गरिन्छ।
- प्रभावकारी सम्पूर्ण आयुर्वेदिक औषधीहरु उपलब्ध छ।
- ल्याब सेवा सुविधाहरु उपलब्ध छ।





**जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफु पनि बचौं, अरुलाइ पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**धमाका राष्ट्रिय दैनिकका** लागि **प्रकाशक/सम्पादक** : बिष्णुप्रसाद शर्मा, **सह-सम्पादक**: उदयराज अधिकारी, **सल्लाहकार** : श्यामल, मधुसुदन गिरी, गणेश रेग्मी, पुस्कर थापा, नविन रिजाल, गोविन्ददेव भारती
**अनलाइन सम्पादन**: पुजा भण्डारी (अधिकारी) धर्म थापा मगर, **संवाददाताहरु** : रामकृष्ण कठायत, सुरेन्द्र शाही, प्रेमिका सिंह, मंगल चौधरी, पृथ थापा, **प्रधान कार्यालय**: नारायण नगरपालिका-६ गणेशचौक-दैलेख,
**फोन**:०८९-४२०४०३, ४२०२२१, **मोबाईल**: ९८४८१४१३१३,९८६८००५४८९, **मुद्रण**:- सक्षम अफसेट प्रेस,गणेशचौक दैलेख द.जि.प्र.का.द.नं.:१/२०६३/०६४, **ईमेल**: 2dailydhamaka@gmail.com, bishnu.sharma221@gmail.com